# सुनछहरी गाउँपालिकाको

## रोजगार रणनीति (२०८२/८३–२०८६/८७)

सुनछहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा

## मन्तव्य



सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा अनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्रामक शासन व्यवस्था बमोजिम स्थापित ७५३ वटै स्थानीय तहहरूको आर्थिक तथा संस्थागत शसक्तिकरणको लागि आ-आफूनै आवश्यकता र मागको परिपूर्तिका आधारमा बिभिन्न ऐन,नियम, कार्यविधि, मापदण्ड, निर्देशिका तथा योजनाहरू निर्माण गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा सञ्चालन गरिने विभिन्न विकास सम्वद्ध नीति, योजना बजेट तथा कार्यक्रमहरू लागू गरिरहेको वर्तमान परिप्रेक्ष्यमा यस गाउँपालिकाले गाउँपालिकाभित्र आर्थिक रूपले पछाडि परेका बिपन्न, दीर्घरोगी, हिंसा पीडित, तथा बेच बिखनमा परेका महिला ,विपन्न तथा असहाय बालबालिका र न्यून आय भएका नागरिकहरूको लागि आर्थिक शसक्तिकरणका माध्यमबाट रोजगारीका अवसरहरू सिर्जना गरी ऊनीहरूको गरिबीपनलाई न्यूनीकरण गर्दै गुणस्तरीय जीवनयापनमा गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धी प्रचलित कानुनले निर्दिष्ट गरेका प्रावधानहरूलाई आधार मानि यो सुनछहरी गाउँपालिका स्तरीय रोजगार रणनीति योजना २०८२ निर्माण गरिएको हो ।

यसै सन्दर्भमा गाउँभित्र रहेका सरकारी, निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्थाहरूको संयुक्त लगानीबाट गाउँपालिकाको आन्तरिक अर्थतन्त्र मजबुत तथा रोजगारमूलक कार्यशैलीबाट निर्माण गरी आयआर्जन, रोजगारी र आन्तरिक उत्पादनमा अभिवृद्धि गर्ने गरी पालिकाको अर्थतन्त्रमा स्थायित्व कायम गर्ने उद्देश्यले यो रणनीति योजना तर्जुमा गरी लागू गर्न गई रहेको सन्दर्भमा म अत्यन्तै खुसी छु ।

यो पञ्चवर्षीय रोजगार रणनीति योजना २०८२/८३ देखी २०८६/८७ तर्जुमा कार्यमा सहभागी भई योजना निर्माण कार्यमा सहयोग गर्नुहुने यस गाउँपालिकाका उपाध्यक्षज्यू, कार्यपालिकाका सदस्यज्यूहरू प्रमुख प्रशासकीय अधिकृतज्यू कार्यपालिका सदस्यज्यूहरू तथा समस्त कर्मचारी सहितको कार्यदलले बडो मेहनतका साथ यो योजना तर्जुमा गरी लागू गर्ने कार्यमा सहज बनाई दिनु भएकोमा वहाँहरू प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद दिन चाहन्छु।

धन बहादुर पुन मगर
अध्यक्ष

# सुनछहरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८१/०८२
च.नं:

## मन्तव्य



नागरिकको न्यूनतम रोजगारीको हकलाई सुनिश्चित गर्न, उत्पादनशील रोजगारी र विकासका पूर्वाधारका क्षेत्रमा नेपालको श्रम शक्तिलाई प्रतिस्पर्धी एवं सुरक्षित रोजगारीमा संलग्न गराइ राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई रोजगारीको हकलाई व्यवहारिक कार्यान्वयन गर्न स्थानीय तहमा रहेको स्रोत साधन प्रयोग गरी रोजगारीका राष्ट्रिय प्राथमिकता र दीर्घकालीन दृष्टिकोण प्रासिका केन्द्रित हुनु पर्ने अवस्था रहेको छ । रोजगारी संवैधानिक व्यवस्था र कानुनी प्रावधान तथा सङ्घ, प्रदेश र स्थानीय तहले तर्जुमा गरेका रोजगारी सम्बन्धी नीति, नियम, कार्यविधिलाई आम नागरिकको जीवनमा रूपान्तरण ल्याउन सुनछहरी गाउँपालिकामा रोजगार रणनीति आवश्यक परेको छ । स्रोत साधनको समुचित उपयोग मार्फत सुनछहरी गाउँपालिकामा आन्तरिक रोजगार सिर्जना गर्न सहयोग पुग्ने जसबाट न्यूनतम रोजगारीका कार्यक्रम,उद्यमशीलता तालिम, व्यावसायिक सीप विकास, सीपयुक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधार प्रदान गर्नेछ ।

रोजगार नीति २०७१ ले नेपालमा उपलब्ध श्रम शक्तिलाई प्रतिस्पर्धी बनाउँदै श्रम बजारको माध्यमबाट उत्पादनशील,मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिबी निबारणमा योगदान पुर्याउनु नीतिको दूरदृष्टि रहेको छ उक्त दूरदृष्टि बमोजिम प्रमुखका उद्देश्यहरू र विषय बस्तुलाई आत्मसाथ गरी स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० का आधारमा तयार गरिएको सुनछहरी गाउँपालिकामा यस रोजगार रणनीतिले मार्गदर्शन गरेको हुनेछ ।

ननकला घर्ती
उपाध्यक्ष

सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ-०५, रोल्पा, लुम्बिनी प्रदेशनेपाल
कार्यालयको फोन नं.९८५७८२५०९३ Website:www.sunchhaharimun.gov.np
Email :sunchhaharimun@gmail.cominfo@sunchhaharimun.gov.np

# सुनछहरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८१/०८२
च.नं:

## मन्तव्य



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(५) को सहभागिता सम्बन्धी प्रावधानहरू अनुसरण गर्दै नेपाल सरकारको रोजगार नीति २०७१ ले दिएको अधिकार तथा स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० अनुसार तयार गरिएको यो सुनछहरी गाउँपालिकाको पञ्चवर्षीय रोजगार रणनीति योजना (२०८२/०८३-२०८६/०८७) ले यस अवधि भित्र पालिकाको रणनीतिका आधारमा बार्षिक योजना छनौट गर्ने र ती योजनाहरू लागू गर्दै रोजगार प्रवर्द्धन कार्यमा एक मार्गदर्शक दस्तावेजको रूपमा सहयोग गर्नेछ भन्ने हामीलाई विश्वास लागेको छ । कुनै पनि योजनाले आफैं केही परिणाममूखी कार्य गर्दैन तसर्थ यो रणनीति तयारी पश्चात् यसले राखेका लक्ष्य र निर्देश गरिएका रणनीतिहरूको अवलम्बन गर्दै पाँच वर्षको अवधिमा सम्पन्न गर्नु पर्ने आयोजनाहरू कार्यान्वयन गर्ने जिम्मा यस गाउँपालिकामा रहेको छ ।

सुनछहरी गाउँपालिकाको रोजगार रणनीतिले लक्षित गरेका उद्देश्यहरू हासिल गर्ने गाउँपालिकाको प्रयासमा सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी, सामुदायिक, गैरसरकारी संस्थाहरू सबैको सहयोग, समन्वय र साझेदारीको आवश्यकता पर्दछ । तसर्थ सुशासन, सामाजिक न्याय र समृद्धिको अभियानलाई सहयोग गर्न तयार पारिएको रोजगार रणनीतिले सुनछहरी गाउँपालिकाको समृद्धि तथा आन्तरिक रोजगार प्रवर्द्धनको लागि महत्त्वपूर्ण योगदान पुग्ने भएकोले यसको कार्यान्वयनमा सबैको हातेमालोको अपेक्षा गर्दै यो दस्तावेज तर्जुमाका सबै सहयोगीहरू प्रति आभार व्यक्त गर्दछु ।

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


**खण्ड-१ रणनैतिक सन्दर्भ ........ ७**

१.१ पृष्ठभूमि ........ ७

१.२ विद्यमान कानुनी व्यवस्था ........ ८

१.३ नीतिगत व्यवस्था ........ ९

१.४ रोजगार रणनीतिको आवश्यकता/औचित्य ........ ९

१.५ सुनछहरी गाउँपालिकाको रोजगार रणनीति तर्जुमाको उद्देश्य ........ १०

१.६ सुनछहरी गाउँपालिकाको रोजगार रणनीति तयार गर्दा ध्यान दिइएका विषयहरू ........ १०

१.७ सञ्चालनमा रहेका कार्यक्रमको उपलब्धिको अवस्था ........ ११

१.८ अध्ययन पद्धति ........ १२

१.९ अध्ययन क्षेत्र ........ १२

१.१० सीमा ........ १२

**खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण ........ १३**

२.१ सुनछहरी गाउँपालिकामा कृषि तथा गैर कृषि क्षेत्रमा आधारित रोजगारीको अवस्था ........ १३

२.२ कामका आधारमा १० वर्ष वा सो भन्दा माथि उमेरको जनसङ्ख्याको अवस्था ........ १३

२.३ सुनछहरी गाउँपालिकामा रहेका उद्योग/व्यवसाय र रोजगारदाताको विवरण ........ १४

२.४ सुनछहरी गाउँपालिकामा संस्थागत क्षेत्रको रोजगारी अवस्था ........ १५

२.६ वैदेशिक रोजगारीमा भएका व्यक्तिहरूको सङ्ख्या ........ १५

२.७ वैदेशिक रोजगारका लागि उपलब्ध सेवा तथा सुविधाको विश्लेषण ........ १६

२.८ स्थानीय तहमा श्रम तथा रोजगारीका क्षेत्रमा भएका चुनौती र निराकरणको अवस्था ........ १६

२.९ स्थानीय तहमा रोजगार रणनीतिको कार्यान्वयन पश्चात् प्राप्त हुने अवसर र उपलब्धि ........ १७

**खण्ड-३ रणनैतिक विश्लेषण ........ १९**

**खण्ड-४ रणनैतिक सवालहरू ........ २०**

**खण्ड-५ दूरदृष्टि, ध्येय र उद्देश्य ........ २१**

**खण्ड-६ रणनैतिक लक्ष्यहरू ........ २२**

**खण्ड-७ रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरू ........ २३**

७.१ रणनैतिक स्तम्भ ........ २३

७.२ रणनीति तथा कार्यनीति ........ २३

७.३ समन्वय तथा सहकार्य ........ २४

**खण्ड-८ पाँच वर्षको रणनैतिक कार्ययोजना ........ २५**

**खण्ड-९ स्रोत परिचालन र बजेट व्यवस्थापन ........ २८**

**खण्ड-१० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था ........ ३०**

१०.१ रणनीति कार्यान्वयन निर्देशक समिति गठन ........ ३०

१०.२ रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकार ........ ३०

१०.३ स्थानीय रोजगार रणनीति निरीक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको गठन .................................... ३१
१०.४ रोजगार रणनीति निरीक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार........................ ३१
**खण्ड-११ जोखिम व्यवस्थापन ............................................................................................ ३३**
**अनुसूचीहरू.................................................................................................................. ३४**

# खण्ड-१ रणनैतिक सन्दर्भ

## १.१ पृष्ठभूमि

सुनछहरी गाउँपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी बढ्दो बेरोजगारी र गरिबीलाई न्यूनीकरण गर्न नेपालको संवैधानिक र कानुनी व्यवस्था भए बमोजिम प्रत्येक नागरिकलाई रोजगारीको हकको सुनिश्चितताले नागरिकलाई स्वदेशमै रोजगारीमा संलग्न गराउन सङ्घीय लोकतान्त्रिक व्यवस्था अन्तर्गतका सरकारहरू रोजगार तर्फ केन्द्रित रहेका छन् । आर्थिक वृद्धि र गरिबी न्यूनीकरणको आधार नै उत्पादनशील रोजगारी रहेको छ । नागरिकलाई न्यूनतम रोजगारीको हकलाई सुनिश्चित गर्न, उत्पादनशील रोजगारी र विकासका पूर्वाधारका क्षेत्रमा नेपालको श्रम शक्तिलाई प्रतिस्पर्धी एवं सुरक्षित रोजगारीमा संलग्न गराइ राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई रोजगारीको हकलाई व्यवहारिक कार्यान्वयन गर्न स्थानीय तहमा रहेको स्रोत साधन प्रयोग गरी रोजगारीका राष्ट्रिय प्राथमिकता र दीर्घकालीन दृष्टिकोण प्रासिका केन्द्रित हुनु पर्ने अवस्था रहेको छ । रोजगारी संवैधानिक व्यवस्था र कानुनी प्रावधान तथा सङ्घ, प्रदेश र स्थानीय तहले तर्जुमा गरेका रोजगारी सम्बन्धी नीति, नियम, कार्यविधिलाई आम नागरिकको जीवनमा रूपान्तरण ल्याउन सुनछहरी गाउँपालिकामा रोजगार रणनीति आवश्यक परेको छ । स्रोत साधनको समुचित उपयोग मार्फत सुनछहरी गाउँपालिकामा आन्तरिक रोजगार सिर्जना गर्न सहयोग पुग्ने जसबाट न्यूनतम रोजगारीका कार्यक्रम,उद्यमशीलता तालिम, व्यावसायिक सीप विकास, सीपयुक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधार प्रदान गर्नेछ ।

रोजगार नीति २०७१ ले नेपालमा उपलब्ध श्रम शक्तिलाई प्रतिस्पर्धी बनाउँदै श्रम बजारको माध्यमबाट उत्पादनशील,मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिबी निवारणमा योगदान पुर्याउनु नीतिको दूरदृष्टि रहेको छ उक्त दूरदृष्टि बमोजिम प्रमुखका उद्देश्यहरू र विषय बस्तुलाई आत्मसाथ गरी सुनछहरी गाउँपालिकामा यस रोजगार रणनीतिले मार्गदर्शन गरेको हुनेछ ।

सिँचाइ कुलो, कृषि सामाग्री,आधुनिक प्रविधि, मल र बजारीकरणमा समन्वय गरी न्यूनतम रोजगारीको सुनिश्चितता गर्न कृषिमा दिगो उत्पादनशील रोजगारीमा जोड दिइनेछ । यसका लागि गाउँपालिकाको कृषियोग्य जमिनको उपयोग तथा तरिका, उत्पादन र बजारीकरणमा १०० दिनको रोजगारी प्रासिको वातावरण तयार गरी श्रमिक समूहमा बनाइ १०० दिनमा उत्पादन गर्न सक्ने मौसमी तरकारी, प्रमुख अन्नबाली,नगदे बाली उत्पादन हुने क्षेत्र पहिचान गरी रोजगारी सृजनामा जोड दिइनेछ ।

सबै इच्छुक नागरिकलाई आवश्यक व्यावसायिक सीपमा अभिवृद्धि गरी आन्तरिक रोजगारीको माग र आपूर्तिमा अन्तर सम्बन्ध कायम गरी आवश्यक पर्ने दक्ष जनशक्ति तयारी र उपयोग गरी आन्तरिक रोजगारी र वैदेशिक रोजगारीमा मार्फत नागरिकको जीवनस्तरमा सुधार आउनेछ ।

अनौपचारिक क्षेत्रमा सीप सिकेकालाई सीपको पहिचान गरी सीपयुक्त प्रमाणपत्रका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ । बजारको माग र जनशक्ति आपूर्तिमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने सीप विकासका कार्यक्रम सञ्चालन ल्याइनेछ । पूर्वाधार क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध गराउन सो सम्बन्धमा आवश्यक तालिम दिई जनशक्ति उपलब्ध हुने वातावरण बनाइनेछ । सामुदायिक विकास आयोजनामा दिगो रोजगारीका अवसर सिर्जना गर्न सीप विकास कार्यक्रम तर्जुमा गरिनेछ।

स्थानीय पूर्वाधार विकासमा संलग्न श्रमिकको आयस्रोत र गुणस्तरमा सुधार हुने वातावरण तयार गरिनेछ । श्रम तथा रोजगारीका गतिविधिले सुनछहरी गाउँपालिका सामाजिक र आर्थिक उन्नतिमा सकारात्मक प्रभाव पर्न गई दिगो आर्थिक विकास सघाउ र रोजगारीको सुनिश्चितताका साथै सामाजिक र आर्थिक विकासमा सहयोग पुग्न सक्नेछ । श्रमको सम्मान राष्ट्रको अभियान नारालाई जनस्तरमा सकारात्मक विकास गरी आम्दानी हुने कार्य गर्न उत्प्रेरित हुनेछ । आन्तरिक रोजगारी मार्फत नागरिकको जीवनस्तरमा सुधार आउनेछ । गाउँ घरमै न्यूनतम रोजगारी पाएमा जीवनयापन गर्न विदेशमै जानुपर्ने अवस्थामा सुधार आउनेछ । वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई उपयुक्त सीप उपलब्ध गराएमा वैदेशिक रोजगारीबाट राम्रो पारिश्रमिक पाउने हुँदा जीवनयापनमा सहजता आउनेछ ।

रोजगारीलाई उत्पादनमा केन्द्रित हुने योजना बनाइनेछ र उत्पादन भएका बस्तुको बजारीकरण, व्यवस्थापन थप रोजगारी सिर्जना गर्न विशेष पहल गरिनेछ । विकासका पूर्वाधारमा दक्ष र सीपमूलक जनशक्ति प्रयोग गर्दा दैनिकी ज्याला दरमा वृद्धिले हुने हुँदा दैनिक जीवनयापनमा मदत पुग्नेछ । विपन्न, न्यून आय स्रोत भएका व्यक्तिलाई पहिलो प्राथमिकता रही अवसर पाउने हुँदा सामाजिक रूपमा उच्च सम्मान हुनेछ ।

## १.२ विद्यमान कानुनी व्यवस्था

- ⇒ संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ ।
- ⇒ धारा ३३ मा प्रत्येक नागरिकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख गरिएको छ ।

- ⇒ धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक।
- ⇒ धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रूपले विपन्न,अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ ।
- ⇒ धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि, अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ ।
- ⇒ नेपालको संविधानको धारा ५ १(ज) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा राज्यले असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय भित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

## १.३ नीतिगत व्यवस्था

- ⇒ रोजगारीको हक ऐन, २०७५ नियमावली २०७५ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
- ⇒ राष्ट्रिय रोजगार नीति २०७२
- ⇒ एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
- ⇒ १५ औ पञ्चवर्षीय योजना
- ⇒ सरकारका नीति तथा कार्यक्रम ।

## १.४ रोजगार रणनीतिको आवश्यकता/औचित्य

सुनछहरी गाउँपालिकामा बढ्दो बेरोजगारीको समस्यालाई समाधानका लगि आन्तरिक रोजगारीका सिर्जना गरी बाध्यात्मक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने तथा रोजगारीका पर्याप्त अवसर सृजना नहुँदा वर्षेनी ठूलो सङ्ख्यामा युवाशक्ति रोजगारका लागि विदेशिनु पर्ने अवस्थालाई ध्यानमा राखी

संविधानमै रोजगारीको हकको व्यवस्था राखी त्यसलाई कार्यान्वयन गर्ने विभिन्न नीति, ऐन, र कानुनहरू कार्यान्वयनमा रहेका छन् । संविधान, ऐन तथा कानुनले निर्दिष्ट गरेका व्यवस्थालाई नागरिकको जीवनस्तरमा सुधार गर्न तय गरिएका कार्यक्रमलाई अपेक्षित प्रभावकारी भएको पाइँदैन ।

गाउँपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम यस स्थानीय तहमा पनि विगत ६ वर्ष देखि कार्यान्वयनमा रहेको छ । त्यस्तै रोजगारी सिर्जना हुने अन्य कार्यक्रम पनि रहेका छन् तर स्थानीय तहमा स्रोत साधनलाई एकीकृत गरी परिचालन गरिएमा नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न मदत पुग्ने हुनाले रणनीति आवश्यक हुन पुगेको छ ।

## १.५ सुनछहरी गाउँपालिकाको रोजगार रणनीति तर्जुमाको उद्देश्य

स्थानीय तहको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयनमा आएमा सुनछहरी गाउँपालिकाले सङ्घीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउँदै सुनछहरी गाउँपालिकाले देहायका नतिजाहरू प्राप्त गर्न सक्षम हुनेछन् :

(क) सुनछहरी गाउँपालिकामा रहेका सीप विकास, उद्यमशीलता र रोजगारीको तथ्याङ्क सङ्कलन र विश्लेषण गरी अवसरको पहिचान गर्नु।

(ख) स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गर्नु।

(ग) श्रम बजारको माग बमोजिम जनशक्तिको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गरी आर्थिक विकासमा योगदान गर्नु।

(घ) स्थानीय तहमा दक्ष, प्रतिस्पर्धी र उद्यमशील मानवीय स्रोतको विकास गर्नु,

(ङ) स्थानीय तहबाट नागरिकलाई व्यावसायिक सीप विकास, रोजगारी प्रवर्द्धन, उत्पादनशील रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन,रोजगारीमा पदस्थापना, स्वरोजगारी, वैदेशिक रोजगारीमा जानेलाई दिइने सेवा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारिवारिक रूपमा पुनर्स्थापना तथा पुनः एकीकरण लगायतका सेवा वा लगायतका एकीकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्नु।

## १.६ सुनछहरी गाउँपालिकाको रोजगार रणनीति तयार गर्दा ध्यान दिइएका विषयहरू

- ✓ स्थानीय जनसङ्ख्या, स्रोत साधन, आर्थिक र सामाजिक वस्तुस्थितिको तथ्याङ्क र सो को विश्लेषण।
- ✓ राष्ट्रिय श्रम तथा रोजगारको प्राथमिकता र आवश्यकता सम्बन्धी जानकारी ।
- ✓ सङ्घ, प्रदेश र अन्य निकायबाट सञ्चालनमा आएका श्रम तथा रोजगारमूलक सेवाहरूको कार्यान्वयन र सो को विश्लेषण ।

- ✓ स्थानीय तहमा मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा बेरोजगारी न्यूनीकरणका क्षेत्रहरूको विश्लेषण।
- ✓ स्थानीय तहको श्रमिक तथा सीपको माग र आपूर्तिको अन्तर (Skill Gap) को विश्लेषण ।
- ✓ रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कानुनहरूको विश्लेषण ।
- ✓ दीर्घकालीन लक्ष्य तथा रणनैतिक उद्देश्य निर्धारण गर्दा सबै सरोकारवालासँग छलफल र सहकार्य ।
- ✓ रणनैतिक उद्देश्य कार्यान्वयनका लागि उपयुक्त स्रोत र साधनको व्यवस्था ।
- ✓ विगत तथा वर्तमानमा कार्यान्वयन आएका कार्यक्रम तथा क्रियाकलापहरूको विश्लेषण ।

## १.७ सञ्चालनमा रहेका कार्यक्रमको उपलब्धिको अवस्था

प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५ मा ३० दिनको रोजगारी सहित २५० जना, २०७६ मा बढीमा १०० दिनको रोजगारी सहित ३१५ जना, २०७७ मा बढीमा १०० दिनको रोजगार सहित ३२२ जना, २०७८ मा ६२४ जनालाई बढीमा १०० दिन र २०७९ मा ३१२ जनालाई १०० दिनको न्यूनतम रोजगारी यस गाउँपालिका भित्र बाटो, फिल्ड, सिँचाइ कुलो, घेरावाल पर्खाल सामुदायिक विकासका पूर्वाधारमा रहेर रोजगारी सृजना गरिएको छ । सीमित स्रोत साधन तथा सङ्घीय ससर्त अनुदानमा रहेर न्यूनतम रोजगारीको सुनिश्चित गर्न निकै चुनौती रहेको छ। सबैलाई रोजगारीमा संलग्न गराउन सकिएको अवस्था छैन । रोजगारीका क्षेत्रमा आवश्यक स्रोत साधन प्रयोग गरी धेरै नागरिकलाई रोजगारीमा संलग्न गराउन तथा हाल सञ्चालनमा रहेका रोजगार रोजगारीका कानुनी प्रावधानले तय गरेका दीर्घकालीन उदेश्य पुरा गर्न, स्थानीय तहको स्रोत साधन सहित प्रयोग गरी धेरै नागरिकलाई रोजगारी तथा स्वरोजगार कार्यक्रममा संलग्न गराइ श्रम तथा रोजगार क्षेत्रका दीर्घकालीन सोच सहितको रणनीति तग गर्न आवश्यक देखिएको तथा तीन वटै तहबाट प्राप्त स्रोत साधनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै उत्पादनशील रोजगारीको विकास र उपयोगी गर्न यो रणनीति योजना तयार गरिएको हो । प्रस्तुत सन्दर्भमा यस रणनीति योजनाको आवश्यकता र औचित्य देहाय बमोजिम रहेको छ ।

- श्रम तथा रोजगार सम्बन्धी दीर्घकालीन राष्ट्रिय सोच, लक्ष्य प्राप्तिका लागि तहगत सरकारबाट तर्जुमा गरिएका कार्यक्रम बीच सामञ्जस्यता कायम गर्न,
- गाउँपालिका भित्र मर्यादित रोजगारीको लागि उद्यमशीलताको विकास र आन्तरिक रोजगारी प्रवर्द्धन गर्न,
- स्रोत साधनलाई रोजगारमा केन्द्रित गर्न,
- उत्पादनशील र दिगो रोजगारीमा पहल गर्न,

- न्यूनतम रोजगारीमा मार्फत पूर्वाधार विकास र उत्पादनशील रोजगारीमा धेरै नागरिकलाई सहभागिता गराउन,
- वैदेशिक रोजगारमा जान चाहनेलाई आवश्यकताका आधारमा सीपमूलक तालिम सञ्चालन गर्न

## १.८ अध्ययन पद्धति

स्थानीय तहको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना, तथ्याङ्क सङ्कलन गर्न स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० ले निर्धारण गरेका अनुसूची २ र ३ मा प्रश्नावलीहरूलाई प्रयोग गरिएको छ साथै सरोकारवालासँगको अन्तरक्रिया गरी प्राथमिक सूचना सङ्कलन गरिएको छ । त्यसै गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कानुनी तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धि, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार सचिवालय लगाएका निकायबाट प्राप्त जानकारीलाई सेकेन्डरी सूचनालाई गुणात्मक विधिमा आधारित भएर रणनीति योजना तयार गरिएको छ ।

## १.९ अध्ययन क्षेत्र

सुनछहरी गाउँपालिका रोजगार रणनीतिले आन्तरिक रोजगारीको अवस्था सीप विकास भौतिक रूपमा मठ, मन्दिर, पाटी, पौवा, बाटो, सडकमा नाला अथवा सडकमा ग्राभेलिङ र तालिम तथा वैदेशिक रोजगार सम्बन्धी क्षेत्रको व्यवस्थित र तथ्यपरक अध्ययनसँग सम्बन्ध राख्दछ । यस रोजगार रणनीतिका क्षेत्रहरू देहाय बमोजिम रहेका छन् ।

- आन्तरिक रोजगारीमा सृजना हुने क्षेत्रका समस्या चुनौती तथा समाधानका उपाय
- प्रधानमन्त्री रोजगार कार्यक्रमका कार्यान्वयनमा देखा परेका समस्या चुनौती
- स्थानीय तह भित्र दिगो तथा उत्पादनशील रोजगारीको सम्भाव्यताको खोजी
- वैदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परामर्श तथा सहजीकरण
- सीपयुक्त जनशक्ति तयार गर्न सीप विकास तालिम

## १.१० सीमा

सुनछहरी गाउँपालिकाको ७ वटै वडा भित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरिनेछ। यसमा सुनछहरी गाउँपालिकाको सामाजिक ,आर्थिक, जनसङ्ख्याको बनौट, उत्पादनशील क्षेत्रको अवस्था, रोजगारीका सृजना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्बन्धी सिमा रहेका छन् ।

# खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण

## २.१ सुनछहरी गाउँपालिकामा कृषि तथा गैर कृषि क्षेत्रमा आधारित रोजगारीको अवस्था

सुनछहरी गाउँपालिकाको ६८.७३ प्रतिशत जनसङ्ख्या कृषि क्षेत्रमा आबद्ध छ, जसमा महिलाहरूको सहभागिता (७२.५%) छ जुन पुरुष (६४.८८%) भन्दा उच्च छ । वडा २ मा सबैभन्दा बढी ९२.२६ प्रतिशत जनता कृषिमा संलग्न छन्, जसमा महिलाहरूको हिस्सा ९३.९ प्रतिशत छ, जसले यस क्षेत्रमा महिलाको प्रमुख भूमिका देखाउँछ । वडा ४ मा सबैभन्दा बढी गैर-कृषि रोजगारी ६२.४८ प्रतिशत छ, जसमा महिलाहरूको सहभागिता ५७.९७ प्रतिशत छ, जुन व्यापार वा हस्तशिल्प जस्ता क्षेत्रमा महिलाको सक्रियतालाई सङ्केत गर्दछ । वडा २ मा ९०.५८ प्रतिशत पुरुषहरू कृषि रोजगारी छन्, भने वडा नं. ४ का ६३.०४ प्रतिशत पुरुषहरू गैर-कृषि क्षेत्रमा बढी सक्रिय छन् । यसले गाउँपालिकाको आर्थिक निर्भरता कृषिमा केन्द्रित भएतापनि वडागत विविधता रहेको देखिन्छ ।

**तालिका १: गाउँपालिकामा रोजगारीको स्थिति**

| वडा नं | रोजगारमा संलग्न जनसङ्ख्या | | | कृषिमा आबद्ध रोजगारी % | | | गैर कृषिमा आधारित रोजगारी % | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १ | ११०६ | ५४१ | ५६५ | ७६.१३ | ६८.२१ | ८३.७२ | २३.८७ | ३१.७९ | १६.२८ |
| २ | १३५७ | ६६९ | ६८८ | ९२.२६ | ९०.५८ | ९३.९ | ७.७४ | ९.४२ | ६.१ |
| ३ | ६१९ | ३४३ | २७६ | ४०.०६ | ३८.४८ | ४२.०३ | ५९.९४ | ६१.५२ | ५७.९७ |
| ४ | ५४९ | २८४ | २६५ | ३६.७९ | ३६.२७ | ३७.३६ | ६२.८४ | ६३.०३ | ६२.६४ |
| ५ | २२५७ | १०८५ | ११७२ | ८३.९२ | ७७.१४ | ९०.१९ | १५.९९ | २२.८६ | ९.६४ |
| ६ | ५९१ | २८३ | ३०८ | ४१.७९ | ५३.७१ | ३०.८४ | ५८.२१ | ४६.२९ | ६९.१६ |
| ७ | १७४२ | ८७० | ८७२ | ५५.४ | ५१.१५ | ५९.६३ | ४४.३२ | ४८.३९ | ४०.२५ |
| **जम्मा** | **८२२१** | **४०७५** | **४१४६** | **६८.७३** | **६४.८८** | **७२.५** | **३१.१६** | **३४.९७** | **२७.४२** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

## २.२ कामका आधारमा १० वर्ष वा सो भन्दा माथि उमेरको जनसङ्ख्याको अवस्था

सुनछहरी गाउँपालिकाका १० वर्ष वा सो भन्दा माथिको उमेर समूहमा, ४३.४८ प्रतिशत जनता घरपरिवार भित्र काम गर्दछन्, तर ४०.०८ प्रतिशत ले कुनै पनि काम गर्दैनन् । वडा नं. २ मा ७२.८८ प्रतिशत जनता घरपरिवार भित्र काम गर्दछन्, जुन सबैभन्दा उच्च हो, तर यस वडामा घर भन्दा बाहिर काम गर्ने दर ६.६२ प्रतिशत मात्र छ । वडा नं. ७ मा सबैभन्दा बढी ७०.४४ प्रतिशत जनता बेरोजगार छन्, जसले स्थानीय रोजगारी अवसरको अभाव प्रतिबिम्बित गर्दछ । महिलाहरूमा बेरोजगारी दर (४२.५२%) छ जुन पुरुष (३७.३८%) भन्दा उच्च छ, जसले लैङ्गिक असमानता र महिला सशक्तीकरणका लागि कार्यक्रमहरूको आवश्यकता देखाउँछ ।

तालिका २: सुनछहरी गाउँपालिकाको १० वर्ष वा सो भन्दा माथि उमेरको जनसङ्ख्याको काम गराइको विवरण

| वडा नं | घरपरिवार भन्दा बाहिरको काम गर्ने (%) | | | घरपरिवारको काम गर्ने (%) | | | कुनै काम नगर्ने (%) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १ | १०.९२ | १२.८१ | ९.०८ | ५६.०९ | ५३.८२ | ५८.३ | ३२.९३ | ३३.३७ | ३२.५ |
| २ | ६.६२ | ७.१९ | ६.०७ | ७२.८८ | ७३.०२ | ७२.७४ | २०.५ | १९.७८ | २१.१९ |
| ३ | १९.८३ | २०.०७ | १९.६ | १५.३४ | १९.४९ | ११.३१ | ६४.८३ | ६०.४४ | ६९.०९ |
| ४ | २१.४९ | २२.३८ | २०.८ | १७.२० | २३.३५ | १२.४१ | ६१.३१ | ५४.२७ | ६६.७९ |
| ५ | १२.७३ | १६.९१ | ८.९४ | ७१.२६ | ६८.०५ | ७४.१७ | १५.९७ | १५.०४ | १६.८२ |
| ६ | १९.०१ | १६.७६ | २०.८६ | १०.५६ | १४.६५ | ७.१९ | ७०.४४ | ६८.५९ | ७१.९५ |
| ७ | २३.१६ | ३१.५५ | १५.४८ | ४६.३२ | ४०.९२ | ५१.२६ | ३०.३२ | २७.२ | ३३.१८ |
| जम्मा | **१६.३८** | **१८.७६** | **१४.२४** | **४३.४८** | **४३.८** | **४३.२** | **४०.०८** | **३७.३८** | **४२.५२** |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

## २.३ सुनछहरी गाउँपालिकामा रहेका उद्योग/व्यवसाय र रोजगारदाताको विवरण

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार, गाउँपालिकाका कूल ३५८६ घरपरिवार मध्ये ३५०६ घरपरिवारका कुनै पनि सदस्यले कृषि बाहेकका लघुउद्यम सञ्चालन गरेका छैनन् भने ६ घरपरिवारले यस बारे उल्लेख नगरेको देखिन्छ र लघुउद्यम सञ्चालन गरेका ७४ घरपरिवार मध्ये सबैभन्दा धेरै ४५ घरपरिवारले व्यापार/व्यवसाय गरेकामा २८ व्यापार/व्यवसायको मुख्य सञ्चालक महिला रहेको देखिन्छ भने ९ घरपरिवार सिलाइ—बुनाइमा संलग्न रहेको, ७ घरपरिवारले सेवामूलक व्यवसाय सञ्चालन गरेको, ६ घरपरिवार यातायात तथा ढुवानी व्यवसायमा संलग्न रहेको र ७ घरपरिवारले अन्य व्यवसाय उल्लेख गरेको देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार, गाउँपालिकाका कूल ८२२१ आर्थिक क्रियाकलाप संलग्न १० वर्ष माथिको जनसङ्ख्या मध्ये १.११ प्रतिशत मात्र रोजगारदाताको रूपमा रहेको छ भने झण्डै दुई—तिहाइ (६२.६%) आफ्नै काममा संलग्न रहेकोले सो जनसङ्ख्या तथा १७.२२ प्रतिशत घरपरिवारको काममा संलग्न जनसङ्ख्या रोजगारीका लागि उपलब्ध हुन सक्ने देखिन्छ ।


| रोजगारीको अवस्था / उमेर समूह | जम्मा जनसङ्ख्या | रोजगारीमा संलग्न | रोजगारदाता | आफ्नै काममा संलग्न | घरपरिवारको काममा संलग्न | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|
| १० – १४ वर्ष | ७०२ | ७.५५ | ०.०० | ४१.४५ | ५०.७१ | ०.२८ |
| १५ – १९ वर्ष | ८८२ | १६.४४ | ०.४५ | ५०.५७ | ३२.२० | ०.३४ |
| २० – २४ वर्ष | १०४८ | २५.७६ | १.२४ | ५५.८२ | १६.९८ | ०.१९ |
| २५ – २९ वर्ष | ८६६ | २८.७५ | १.७३ | ६०.६२ | ८.८९ | ०.०० |
| ३० – ३४ वर्ष | ८६७ | २६.०७ | २.४२ | ६३.५५ | ७.८४ | ०.१२ |
| ३५ – ३९ वर्ष | ६४२ | २२.९० | १.८७ | ६८.६९ | ६.५४ | ०.०० |
| ४० – ४४ वर्ष | ५९३ | २०.२४ | ०.६७ | ७३.१९ | ५.९० | ०.०० |

| रोजगारीको अवस्था | जम्मा | रोजगारीमा | | आफ्नै काममा | घरपरिवारको | उल्लेख |
|---|---|---|---|---|---|---|
| **उमेर समूह** | **जनसङ्ख्या** | **संलग्न** | **रोजगारदाता** | **संलग्न** | **काममा संलग्न** | **नभएको** |
| ४५- ४९ वर्ष | ४८१ | १६.४२ | १.०४ | ७४.६४ | ७.९० | ०.०० |
| ५० – ५४ वर्ष | ५८९ | १७.४९ | १.०२ | ७३.१७ | ८.३२ | ०.०० |
| ५५ – ५९ वर्ष | ४८९ | १३.०९ | १.४३ | ७७.७१ | ७.७७ | ०.०० |
| ६० – ६४ वर्ष | ३९५ | ११.९० | ०.७६ | ७२.६६ | १४.४३ | ०.२५ |
| ६५ वर्ष र सो भन्दा माथि | ६६७ | ८.४० | ०.१५ | ६२.३७ | २९.०९ | ०.०० |
| **जम्मा** | **८२२१** | **१८.९६** | **१.११** | **६२.६०** | **१७.२२** | **०.११** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

## २.४ सुनछहरी गाउँपालिकामा संस्थागत क्षेत्रको रोजगारी अवस्था

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार, गाउँपालिकाका दश वर्ष माथिको कूल ८२२१ जनसङ्ख्या मध्ये ७२.५७ प्रतिशतले आफ्नै घरायसी काममा समय व्यतीत गर्छन् भने २३.३७ प्रतिशतले गैर वित्तीय संस्थामा काम गरिरहेका छन् र १.७८ प्रतिशत मात्र सरकारी जागिरमा संलग्न रहेको देखिन्छ ।





**चित्र १: सुनछहरी गाउँपालिकामा संस्थागत क्षेत्रको रोजगारी अवस्था**

## २.६ वैदेशिक रोजगारीमा भएका व्यक्तिहरूको सङ्ख्या

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार, गाउँपालिकाका कूल ७२८ व्यक्ति विदेशमा रहेका छन् जस मध्ये सबैभन्दा बढी ३२८ जना छिमेकी मुलुक भारतमा छन् भने मध्यपूर्वका देशहरूमा २६५ जना, दक्षिण पूर्वी एसियाली देशहरूमा ४५ जना तथा अन्य एसियाली देशहरूमा २० जना रोजगारीको

शिलशिलामा रहेको देखिन्छ । युरोप तथा अमेरिकी देशहरूमा यहाँका मानिसहरूको पहुँच ज्यादै न्यून रहेको छ ।




**चित्र २: वैदेशिक रोजगारीमा भएका व्यक्तिहरूको सङ्ख्या**

## २.७ वैदेशिक रोजगारका लागि उपलब्ध सेवा तथा सुविधाको विश्लेषण

- वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजीकरण तथा परामर्श गर्ने व्यवस्था रहेको छ।
- वैदेशिक रोजगारमा सम्बन्धी अभिमुखिकरण, सूचना प्रवाह र प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने।
- वैदेशिक रोजगार जाने श्रमिकको श्रम स्वीकृति र पुनःश्रम स्वीकृतिमा सहजीकरण गर्ने ।

## २.८ स्थानीय तहमा श्रम तथा रोजगारीका क्षेत्रमा भएका चुनौती र निराकरणको अवस्था

**चुनौती**

- ✓ बेरोजगार युवाहरूलाई श्रमप्रतिको धारणामा रूपान्तरण गर्न नसक्नु ।
- ✓ विकासका पूर्वाधारमा पनि आवश्यक स्रोत साधन अभावले।
- ✓ बेरोजगार युवाहरूले उत्पादनशील रोजगारी अन्तर्गत कृषि तथा पशुपालनमा भविष्य नदेख्नु।
- ✓ सीपलाई रोजगारमा रूपान्तरण गर्नु।
- ✓ बढ्दो बेरोजगारीलाई न्यूनीकरण गर्नु ।
- ✓ स्रोत साधनमा एकीकृत उपयोग नहुनु ।
- ✓ मागमा आधारित रोजगारीको व्यवस्थापन गर्न नसकिनु ।

- ✓ न्यून बजेटमा अपेक्षा धेरै हुनु।

**निराकरण**

- ✓ रोजगारीको हकलाई पूर्णरूपमा कार्यान्वयन गर्न सङ्घीय सरकारबाट प्राप्त कानुन नीति नियम बनेका छन्।
- ✓ श्रमको सम्मान राष्ट्रको अभियानका विभिन्न कार्यक्रम भएका छन्
- ✓ सङ्घ र स्थानीय तहले रोजगारी सृजना हुने गरी बजेट व्यवस्थापन गर्ने गरेका छन् ।
- ✓ लघुउद्यम विकास कार्यक्रम मार्फत पनि स्वरोजगार गराउने गतिविधि रहेका छन्।
- ✓ सीपयुक्त जनशक्तिलाई रोजगारीमा आबद्ध गर्न काममा आधारित तालिम सञ्चालन हुने गरेका छन्।

## २.९ स्थानीय तहमा रोजगार रणनीतिको कार्यान्वयन पश्चात् प्राप्त हुने अवसर र उपलब्धि

**अवसर**

- गाउँ भित्र आर्थिक गतिविधि बढ्न गई युवाहरूलाई उद्योग व्यवसाय गर्ने वातावरण
- परिमाणात्मक र गुणात्मक रोजगारी सिर्जना
- आन्तरिक रोजगारीमा विश्वासिलो दिगो माग र आपूर्तिमा प्रणालीको विकास
- न्यूनतम रोजगारीमा अहिले चुनौतीलाई दिगो रोजगारीका अवसरमा रूपान्तरणको अवसर
- युवालाई कृषि, पशुपालन, जडीबुटीमा अवसर प्रदान गर्न।

**उपलब्धि**

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति भएको हुने ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा रोजगारी पाएको हुनेछ ।
- स्रोत साधनलाई एकीकृत गरी रोजगारीमा केन्द्रित भएको हुनेछ ।
- बेरोजगार युवाहरूलाई आय आर्जनमा केन्द्रित भएका हुनेछन् ।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार भइ कार्यान्वयन भएको हुनेछ ।
- वैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा तथा अन्य सेवा सञ्चालन विश्वसनीयता बढेको हुनेछ ।
- आन्तरिक रोजगारीका अवसर सिर्जना भएको हुनेछ ।
- दिगो र उत्पादनशील रोजगारीका क्षेत्रका पूर्वाधार निर्माण भएको हुनेछ ।
- दिगो रोजगारीका लागि उद्यमशीलताका नयाँ क्षेत्र पहिचान भइ वार्षिक दिगो रोजगारीमा संलग्न हुने सङ्ख्यामा बढेको हुनेछ ।

- तीन तहको रोजगारीका कार्यक्रमलाई एकीकृत गराउन सहयोग पुग्नेछ ।
- स्थानीय तहको स्रोत साधनको प्रयोग भइ वार्षिक न्यूनतम रोजगारीका क्षेत्रमा सूचीकृत बेरोजगारीको सङ्ख्यामा हाल करिब १०% ले मात्र रोजगारी पाएकोमा आगामी वर्षबाट ५०% सम्मलाई रोजगारी पाएको सुनिश्चित हुनेछ ।

# खण्ड-३ रणनैतिक विश्लेषण

गाउँपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, स्रोत साधनको अधिक प्रयोग गरी बढ्दो बेरोजगारी र गरिबीलाई न्यूनीकरण गर्न सङ्घीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलब्धिमूलक नभएको अवस्था रहेको छ। सङ्घीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरी तीन वटै तहबाट प्राप्त स्रोत साधन जनशक्तिलाई उत्पादनशील रोजगार मार्फत नागरिकको जीवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आबद्ध गर्न र पूर्वाधार मात्र न्यूनतम रोजगारी पाउने कानुनी व्यवस्थाले मात्र रोजगारीका सङ्ख्या बढाउन नसकिएको अवस्थामा, वर्षेनी सयौं बेरोजगार नागरिक वैदेशिक रोजगारमा गई रहेका वर्तमान चुनौतीलाई आत्मसाथ गरी आन्तरिक रोजगारीका नयाँ क्षेत्र पहिचान गरी स्थानीय तहको स्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरिकलाई गाउँमै बस्ने वातावरण तय गर्न रणनीति योजनाले मार्ग निर्देशन गर्ने अपेक्षा छ।

- ✓ बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- ✓ सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- ✓ स्रोत साधनलाई एकीकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
- ✓ सङ्घीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु केन्द्रित गराउनु ।
- ✓ बेरोजगार युवाहरूलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- ✓ रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु ।
- ✓ वैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा सञ्चालन गर्नु ।

# खण्ड-४ रणनैतिक सवालहरू

गाउँपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी उपलब्ध अवसरहरूमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी रोजगारीको हक सुनिश्चित गर्न सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहले पनि आवश्यकता अनुसार विभिन्न कार्यक्रम सञ्चालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन ।

रोजगारीको हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाई उपलब्धि मूलक बनाउन, आन्तरिक रोजगारी सिर्जनामा एकीकृत स्रोत साधन परिचालन गर्न, आन्तरिक रोजगारीका अवसरमा वृद्धि, वैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारीका क्षेत्र पहिचान गर्न, उद्यमशीलता विकास मार्फत जीवनस्तरमा सुधार ल्याउनु यस रणनैतिक सवाल रहेका छन् ।

# खण्ड-५ दूरदृष्टि, ध्येय र उद्देश्य

**सोच : "समृद्ध गाउँ - गाउँ कृषि, उद्योग, पशुपालन, पर्यटन र विकासका पूर्वाधारमा रोजगार"** रणनीतिक योजनाको दीर्घकालीन सोच हुनेछ।

**लक्ष्य :** सूचीकृत बेरोजगारलाई रोजगारीको प्रत्याभूति मार्फत सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनु रहेको छ।

**उद्देश्य :** गाउँपालिकाको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयन पश्चात् स्थानीय तहले सङ्घीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउँदै गाउँपालिकाले देहायका नतिजा प्राप्त गर्न सक्षम हुनेछन्।

१. विकासका पूर्वाधारमा, कृषिको उत्पादन, जडीबुटीको तथा बन पैदावारको सङ्कलन, प्रशोधन बजारीकरण,उद्यमशीलताको प्रवर्द्धन, पशुपालन, माछा पालन, तरकारी, फलफूल खेती मार्फत न्यूनतम रोजगारी देखि दिगो र उत्पादनशील रोजगारीको सुनिश्चित गर्नु ।

२. बजारको आवश्यकता र मागका आधारमा सीपको पहिचान र उत्पादन गर्न सीपयुक्त जनशक्तिको उपयोग गर्नु।

३. वैदेशिक रोजगारीमा जाने इच्छुक युवाहरूलाई आवश्यक पर्ने सीप, अभिमुखीकरण, परामर्श दिई दक्ष, प्रतिस्पर्धी, सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउनु तथा फर्किएका व्यक्तिले हासिल गरेका अनुभव र ज्ञानलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।

४. रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री बनाउनु ।

**गाउँपालिकाका प्राथमिकताहरू**

१. आन्तरिक, दिगो तथा उत्पादनशील रोजगारीमा जोड ।

२. सीपमूलक तालिममा जोड ।

३. कृषि, वन पैदावारमा रोजगारी सिर्जना ।

४. जडीबुटी,उद्योग, पर्यटन, खानी, उद्यमशीलतामा जोड ।

५. विकासका पूर्वाधार ।

६. वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उत्पादनका क्षेत्रमा संलग्न ।

# खण्ड-६ रणनैतिक लक्ष्यहरू

⇒ बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।

⇒ सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।

⇒ स्रोत साधनलाई एकीकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।

⇒ सङ्घीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।

⇒ बेरोजगार युवाहरूलाई आय आर्जनमा केन्द्रित गराउनु ।

⇒ रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु ।

⇒ लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।

⇒ वैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा सञ्चालन गर्नु ।

⇒ वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु.

⇒ कृषि बनपैदावर

⇒ उद्योग तरकारी, फलफूल खेती, मसाला बाली,जडीबुटी मार्फत दिगो रोजगारलाई सुनिश्चित गर्नु।

# खण्ड-७ रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरू

## ७.१ रणनैतिक स्तम्भ

रणनीति योजनाको सोच लक्ष्य र उदेश्य प्राप्तिका लागि निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ। रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरू तय गरिएको छ।

स्तम्भ- १ः आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार ।

स्तम्भ-२ः बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति ।

स्तम्भ- ३ः वैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग ।

स्तम्भ- ४ः रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री ।

## ७.२ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **रणनीतिक स्तम्भ- १ः आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने** | |
| १.१ः विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने । | १.१.१ः रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला, सीप, तरीका, विधि सम्बन्धमा आवश्यक परामर्श र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ । |
| १.२ः दिगो र उत्पादनशील रोजगारीको अवसरको विस्तार गर्न स्थानीय स्रोत साधनलाई प्रयोग गर्ने । | १.२.१ः उत्पादन हुने खाद्यान्न बाली, मसाला बाली, तरकारी पकेट, फलफूल खेती क्षेत्रको जमिनको छनौट, परीक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने र पशुपालन र माछा पालनका सम्बन्धमा सम्भावित अध्ययन गरी गाउँ भित्र रोजगारीका अवसरको खोजी गरिनेछ । |
| **रणनीतिक स्तम्भ- २ः बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति** | |
| २.१ः जीवन उपयोगी सीप मार्फत बेरोजगार युवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | २.१.१ः लघु उद्यमशील सीपलाई व्यवहारिक जीवनमा लागू गर्न सक्ने गरी बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ । |
| २.२ः युवाहरूलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | २.२.१ः रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिमको दिइ दक्ष बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २.३: रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | २.३.१: गाउँपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी ठेकेदार, होटल, व्यवसायी, सहकारी, निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिनेछ । |
| **स्तम्भ नं. -३: वैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग** | |
| ३.१: वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | ३.१.१: वैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरी छोटो अवधिका सीप सिकाउनका लागि पहल गरिनेछ। |
| ३.२: वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | ३.२.१: वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखीकरण गरी उत्पादनशील रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गरिनेछ । |
| **स्तम्भ नं. - ४: रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री** | |
| ४.१: रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने। | ४.१.१: सीप विकास, सहुलियतपूर्ण कर्जा, वित्तीय साक्षरता, उद्यमशीलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकीकृत अभिलेख राखिनेछ ।<br>४.१.२: सङ्घ प्रदेशका श्रम तथा रोजगार सम्बन्धी नीतिगत र कानुनी व्यवस्थाहरू प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाइनेछ । |

## ७.३ समन्वय तथा सहकार्य

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश तथा सुनछहरी गाउँपालिका सरोकारवाला निकाय, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, समाजसेवी, निर्माण व्यवसायी, उद्योग व्यवसायी लगायतका आम सरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

# खण्ड-८ पाँच वर्षको रणनैतिक कार्ययोजना

## सुनछहरी गाउँपालिकाको रोजगार रणनीतिक कार्यान्वयन कार्ययोजना

| क्र. सं. | क्रियाकलाप/ कार्यक्रम | जिम्मेवार निकाय/शाखा | सहायक निकाय/शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| **स्तम्भ नं. १ः आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार** | | | | | | |
| रणनीति १.१ः विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने। | | | | | | |
| कार्यनीति १.१.१ः रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला, सीप, तरीका, विधि सम्बन्धमा आवश्यक परामर्श र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ । | | | | | | |
| १ | निर्माण कार्यको लागि आधारभूत सीपमूलक श्रमिक तालिम सञ्चालन | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | ६ महिना | निर्माण सम्बन्धी तालिम प्राप्त व्यक्ति | |
| २ | सीपमूलक तालिम सम्पन्न गरेका स्थानीय निर्माण कार्यमा रोजगारी प्राथमिकता अभियान | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | १ वर्ष | तालिम लिएर रोजगारी प्राप्त व्यक्ति | |
| | १.२ः दिगो र उत्पादनशील रोजगारीको अवसरको विस्तार गर्न स्थानीय स्रोत साधनलाई प्रयोग गर्ने । | | | | | |
| | १.२.१ः उत्पादन हुने खाद्यान्न बाली, मसाला बाली, तरकारी पकेट, फलफूल खेती क्षेत्रको जमिनको छनौट, परीक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने र पशुपालन र माछा पालनका सम्बन्धमा सम्भावित अध्ययन गरी गाउँ भित्र रोजगारीका अवसरको खोजी गरिनेछ । | | | | | |
| ३ | सामूहिक खेतीको सम्भावना रहेको बाँझो/व्यक्तिगत जमिन पहिचान तथा छनौट कार्यक्रम | रोजगार शाखा | कृषि वि. शाखा | ३ महिना | जमिन पहिचान तथा छनौट सङ्ख्या | |
| ४ | उत्पादनशील रोजगारीको ढाँचाका लागि जमिन मालिक र श्रमिकबीच सहयोगात्मक भावना विकास गर्न छलफल/ अन्तरक्रिया कार्यक्रम सञ्चालन | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | ६ महिना | छलफल/ अन्तरक्रिया कार्यक्रममा सहभागी सङ्ख्या | |
| ५ | खालि भएका जमिन पहिचान गरी फलफूल, जडीबुटी खेती कार्यक्रम सञ्चालन | रोजगार शाखा कृषि वि. शाखा | योजना तथा अनुगमन शाखा | १ वर्ष | फलफूल, जडीबुटी खेती गरिएको क्षेत्रफल | |
| ६ | स्थानीय रूपमा उत्पादन भएका कृषि उपज तथा व्यापारिक वस्तुको बजारीकरण सहजीकरण कार्यक्रम | रोजगार शाखा कृषि वि. शाखा | योजना तथा अनुगमन शाखा | ८ महिना | स्थानीय उपजको निकासी परिमाण | |
| ७ | सूचीकृत बेरोजगारलाई पशुपालन माछा पालन सहायता कार्यक्रम | रोजगार शाखा पशु सेवा शाखा | योजना तथा अनुगमन शाखा | ६ महिना | पशुपालन माछा पालन सहायता पाउने सङ्ख्या | |
| | **रणनीतिक स्तम्भ- २ः बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति** | | | | | |

| क्र.सं. | क्रियाकलाप/ कार्यक्रम | जिम्मेवार निकाय/शाखा | सहायक निकाय/शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| | २.१ः जीवन उपयोगी सीप मार्फत बेरोजगार युवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | | | | | |
| | २.१.१ः लघु उद्यमशील सीपलाई व्यवहारिक जीवनमा लागू गर्न सक्ने गरी बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ । | | | | | |
| ८ | स्थानीय श्रोत साधनको प्रयोग गरी उद्यमशीलता कार्यक्रम सञ्चालन | रोजगार शाखा उद्यम विकास उपशाखा | योजना तथा अनुगमन शाखा | ३ महिना | उद्यमशीलता कार्यक्रम सङ्ख्या | |
| ९ | उद्यमशीलता कार्यक्रमबाट उत्पादित वस्तुको बजारीकरण तथा बिक्री व्यवस्थापन | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | ६ महिना | उत्पादित वस्तुको बिक्री परिमाण | |
| | २.२ः युवाहरूलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | | | | | |
| | २.२.१ः रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिमको दिइ दक्ष बनाइनेछ। | | | | | |
| १० | रोजगारका आयोजनामा संलग्न श्रमिकको अनुभव र सीपको अभिलेखीकरण कार्यक्रम | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | ९ महिना | अभिलेखीकरण दस्तावेज | |
| | २.३ः रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | | | | | |
| | २.३.१ः गाउँपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी ठेकेदार, होटल, व्यवसायी, सहकारी, निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिनेछ । | | | | | |
| ११ | बेरोजगार युवाहरूलाई न्यूनतम पारिश्रमिक दिइ रोजगार दिएका रोजगारदाता र श्रमिकको अभिलेखीकरणका आधारमा रोजगारदातामा सिर्जना हुन सक्ने रोजगार सम्बन्धी सूची तर्जुमा | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | १ वर्ष | रोजगार सम्बन्धी सूची | |
| १२ | गाउँपालिकाका सूचीकृत श्रमिक माग गरी कम्तीमा १०० दिनको रोजगारी दिने रोजगारदातालाई वर्षको एक पटक पुरस्कार तथा सम्मान कार्यक्रम | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | १ वर्ष | पुरस्कार तथा सम्मान पाउने व्यक्ति/संस्था | |
| | **स्तम्भ नं. -३ः वैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग** | | | | | |
| | ३.१ः वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | | | | | |
| | ३.१.१ः वैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरी छोटो अवधिका सीप सिकाउनका लागि पहल गरिनेछ। | | | | | |
| १३ | सीपको आधार तयार गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई विदेशमा रहँदा अपनाउनु पर्ने | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | ६ महिना | प्रशिक्षण कार्यक्रम सङ्ख्या | |

| क्र. सं. | क्रियाकलाप/ कार्यक्रम | जिम्मेवार निकाय/शाखा | सहायक निकाय/शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| | सावधानी तथा सतर्कता सहित आधारभूत व्यवहारिक ज्ञानका लागि प्रशिक्षण कार्यक्रम | | | | | |
| १४ | वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई वैदेशिक रोजगारी सम्बन्धी परामर्श र अभिमुखीकरण | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | ३ महिना | वैदेशिक रोजगारी सम्बन्धी परामर्श र अभिमुखीकरण | |
| | ३.२ः वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | | | | | |
| | ३.२.१ः वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखीकरण गरी उत्पादनशील रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गरिनेछ । | | | | | |
| १५ | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको विवरण तर्जुमा तथा अद्यावधिक | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | नियमित वार्षिक | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको विवरण | |
| | **स्तम्भ नं. - ४ः रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री** | | | | | |
| | ४.१ः रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने। | | | | | |
| | ४.१.१ः सीप विकास, सहुलियतपूर्ण कर्जा, वित्तीय साक्षरता, उद्यमशीलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकीकृत अभिलेख राखिनेछ । | | | | | |
| १६ | रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिलाई रोजगार तथा स्वरोजगार प्रवर्द्धन तथा अनुदान सहायता कार्यक्रम | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | ६ महिना | रोजगार तथा स्वरोजगार प्रवर्द्धन तथा अनुदान सहायता प्राप्त व्यक्ति | |
| | ४.१.२ः सङ्घ प्रदेशका श्रम तथा रोजगार सम्बन्धी नीतिगत र कानुनी व्यवस्थाहरू प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाइनेछ । | | | | | |
| १७ | रोजगारमैत्री वातावरण निर्माणका लागि सङ्घ, प्रदेशका श्रम तथा रोजगार सम्बन्धी नीतिगत र कानुनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन | रोजगार शाखा | योजना तथा अनुगमन शाखा | नियमित | कानुन कार्यान्वयनको अवस्था मूल्याङ्कन | |

# खण्ड-९ स्रोत परिचालन र बजेट व्यवस्थापन

सुनछहरी गाउँपालिका वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनीति योजनामा आधारित भई तर्जुमा गरिनेछ । रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत साधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमित रूपमा प्रस्ताव गरिनेछ । आवश्यकता अनुसार विकास साझेदारसँग समेत आर्थिक स्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ । रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित स्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।

| **रणनीतिक स्तम्भ/ कार्यक्रमहरू** | **स्रोत अनुमान (आ. व.) रु. हजारमा** | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| **स्तम्भ नं. १: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार** | | | | | | **१३८००** |
| निर्माण कार्यको लागि आधारभूत सीपमूलक श्रमिक तालिम सञ्चालन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| सीपमूलक तालिम सम्पन्न गरेका स्थानीय निर्माण कार्यमा रोजगारी प्राथमिकता अभियान | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० |
| सामूहिक खेतीको सम्भावना रहेको बाँझो/व्यक्तिगत जमिन पहिचान तथा छनौट कार्यक्रम | ५०० | १०० | १०० | १०० | १०० | ९०० |
| उत्पादनशील रोजगारीको ढाँचाका लागि जमिन मालिक र श्रमिकबीच सहयोगात्मक भावना विकास गर्न छलफल/ अन्तरक्रिया कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| खालि भएका जमिन पहिचान गरी फलफूल, जडीबुटी खेती कार्यक्रम सञ्चालन | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० |
| स्थानीय रूपमा उत्पादन भएका कृषि उपज तथा व्यापारिक वस्तुको बजारीकरण सहजीकरण कार्यक्रम | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| सूचीकृत बेरोजगारलाई पशुपालन माछा पालन सहायता कार्यक्रम | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० |
| **रणनीतिक स्तम्भ- २: बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति** | | | | | | **४८००** |
| स्थानीय श्रोत साधनको प्रयोग गरी उद्यमशीलता कार्यक्रम सञ्चालन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| उद्यमशीलता कार्यक्रमबाट उत्पादित वस्तुको बजारीकरण तथा बिक्री व्यवस्थापन | २०० | २०० | २०० | २०० | २०० | १००० |

| रणनीतिक स्तम्भ/ कार्यक्रमहरू | स्रोत अनुमान (आ. व.) रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| रोजगारका आयोजनामा संलग्न श्रमिकको अनुभव र सीपको अभिलेखीकरण कार्यक्रम | ३०० | ५० | ५० | ५० | ५० | ५०० |
| बेरोजगार युवाहरूलाई न्यूनतम पारिश्रमिक दिइ रोजगार दिएका रोजगारदाता र श्रमिकको अभिलेखीकरणका आधारमा रोजगारदातामा सिर्जना हुन सक्ने रोजगार सम्बन्धी सूची तर्जुमा | १०० | ५० | ५० | ५० | ५० | ३०० |
| गाउँपालिकाका सूचीकृत श्रमिक माग गरी कम्तीमा १०० दिनको रोजगारी दिने रोजगारदातालाई वर्षको एक पटक पुरस्कार तथा सम्मान कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| **स्तम्भ नं. -३ः वैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग** | | | | | | **५४००** |
| सीपको आधार तयार गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई विदेशमा रहँदा अपनाउनु पर्ने सावधानी तथा सतर्कता सहित आधारभूत व्यवहारिक ज्ञानका लागि प्रशिक्षण कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई वैदेशिक रोजगारी सम्बन्धी परामर्श र अभिमुखीकरण | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको विवरण तर्जुमा तथा अद्यावधिक | २०० | ५० | ५० | ५० | ५० | ४०० |
| **स्तम्भ नं. - ४ः रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री** | | | | | | **६०००** |
| रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिलाई रोजगार तथा स्वरोजगार प्रवर्द्धन तथा अनुदान सहायता कार्यक्रम | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| रोजगारमैत्री वातावरण निर्माणका लागि सङ्घ, प्रदेशका श्रम तथा रोजगार सम्बन्धी नीतिगत र कानुनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन | २०० | २०० | २०० | २०० | २०० | १००० |
| **जम्मा** | **६२००** | **५६५०** | **५८५०** | **६०५०** | **६२५०** | **३००००** |

## खण्ड-१० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था

### १०.१ रणनीति कार्यान्वयन निर्देशक समिति गठन

सुनछहरी गाउँपालिकाको ५ वर्षे रोजगार रणनीति योजनालाई आवश्यक समन्वय, निर्देशन, अनुगमन, मूल्याङ्कन गर्न तथा प्रभावकारी रणनीति कार्यान्वयन गर्न स्थानीय तहमा देहाय बमोजिमको रणनीति कार्यान्वयन निर्देशक समिति रहनेछ ।

(क) गाउँ कार्यपालिकाको प्रमुख - अध्यक्ष
(ख) गाउँ कार्यपालिकाको उप प्रमुख - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) गाउँ कार्यपालिकाको प्रमुखले तोकेका वडा अध्यक्ष दुई जना — सदस्य
(ङ) रोजगार संयोजक - सदस्य सचिव

सुनछहरी गाउँपालिका भित्र रहेका रोजगारदाताहरू मध्ये आवश्यक व्यक्तिलाई सदस्यको रूपमा आमन्त्रण गर्न सकिनेछ ।

### १०.२ रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकार

(क) रणनीतिक उदेश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरूप आवश्यक बजेट विनियोजनका लागि गाउँ सभालाई सिफारिस गर्ने ।

(ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरूको पहिचान गर्ने र कार्यान्वयन गर्ने।

(ग) बेरोजगारको समस्यालाई दिगो वा दीर्घकालीन रूपमा समाधान गर्न रोजगारी रणनीति योजनालाई प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने ।

(घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलब्धि तथा प्रतिफल प्राप्त भए नभएको पटक—पटक समीक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पूर्व वार्षिक समीक्षा तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिने ।

(ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

(च) सरकारी तथा गैरसरकारी निकायसँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य समन्वय गर्ने ।

(छ) रणनीति कार्यान्वयन गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने ।

(ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचीकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने

### १०.३ स्थानीय रोजगार रणनीति निरीक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको गठन

(क) स्थानीय रोजगार रणनीतिले निर्दिष्ट गरेका कार्यनीति तथा क्रियाकलापको प्रभावकारी सञ्चालनको सुनिश्चितताका लागि नियमित, आवधिक वा आकस्मिक रूपमा निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न नगरपालिकामा देहाय बमोजिमको रोजगार रणनीति अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ।

क) गाउँपालिकाको उपाध्यक्ष — संयोजक
ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत — सदस्य
ग) संयोजकले तोकेको एक जना कार्यपालिका सदस्य — सदस्य
घ) स्थानीय उद्योग वाणिज्य सङ्घको एकजना प्रतिनिधि — सदस्य
ङ) गाउँपालिकाको पूर्वाधार विकास शाखा प्रमुख — सदस्य
च) गाउँपालिकाको आर्थिक विकास शाखा प्रमुख — सदस्य
छ) रोजगार उपशाखाको संयोजक — सदस्य सचिव

### १०.४ रोजगार रणनीति निरीक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार

(क) रोजगार रणनीतिले निर्दिष्ट गरेको कार्ययोजना अनुरूप कार्य भए नभएको विषयमा समय समयमा निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्ने।

(ख) अनुगमनका र मूल्याङ्कनका लागि आवश्यक मापदण्ड, चेकलिस्ट र सूचकहरू निर्धारण गर्ने।

(ग) रोजगार रणनीति अन्तर्गतका क्रियाकलापहरूको उपलब्धिको नियमित, आवधिक र आकस्मिक रूपमा निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्नका लागि समय तालिका निर्धारण गर्ने।

(घ) कार्यक्रमहरूको स्थलगत रूपमै अनुगमन गरी कार्यान्वयनको क्रममा देखा परेका समस्याहरूको निराकरण गर्न आवश्यक सुझाव तथा सहयोग प्रदान गर्ने ।

(ङ) निर्धारित कार्यक्रम तथा कार्यनीतिहरूमा समयानुकूल सुधार तथा समायोजन गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्ने।

(च) नगरपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रममा रोजगार रणनीतिले निर्दिष्ट गरेका कार्यक्रमहरू समावेश गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने ।

(छ) रणनीतिको प्रभाव मूल्याङ्कन गरी आगामी दिनमा अख्तियार गर्नुपर्ने रणनीतिका लागि सुझाव प्रदान गर्ने।

# खण्ड-११ जोखिम व्यवस्थापन

रोजगार रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम पहिचान गरी देहाय बमोजिम उल्लेख गरिएको छ।

क) स्रोत व्यवस्थापन

ख) सरकारी गैरसरकारी र निजी क्षेत्रबीच प्रभावकारी समन्वय

ग) रोजगारी सम्बन्धी स्थानीय सरकारको अपनत्व

घ) शाखागत समन्वय

ङ) सरोकारवालाहरू निकायको दृष्टिकोण

च) प्रदेश र स्थानीय तहमा समन्वय

# अनुसूचीहरू

## नतिजा खाका

| क्र. सं. | नतिजा सूचक | एकाइ | आधार तथ्याङ्क | लक्ष्य (आ. व.) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | १० वर्ष माथिको वर्षमा ६ महिना भन्दा बढी समय आर्थिक क्रियाकलापमा संलग्न जनसङ्ख्या | प्रतिशत | २५ | २७ | २९ | ३१ | ३३ | ३५ |
| २ | १० वर्ष माथिको आर्थिक क्रियाकलापमा संलग्न जनसङ्ख्या | प्रतिशत | ६३.८ | ६४ | ६५ | ६६ | ६७ | ६८ |
| ३ | १० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या मध्ये बेरोजगार जनसङ्ख्या | प्रतिशत | १४.२ | १४ | १२ | १० | ८ | ६ |
| ४ | १० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या मध्ये घरपरिवार भन्दा बाहिरको काम गर्ने | प्रतिशत | १६.४ | १७ | १९ | २१ | २३ | २५ |
| ५ | गैर कृषिमा आधारित रोजगारी | प्रतिशत | ३१.२ | ३२ | ३३ | ३४ | ३५ | ३६ |
| ६ | कृषिमा आधारित रोजगारी | प्रतिशत | ६८.७ | ६८ | ६७ | ६६ | ६५ | ६४ |
| ७ | सरकारी जागिरमा संलग्न जनसङ्ख्या | प्रतिशत | १.८ | २ | २.२ | २.४ | २.६ | २.८ |
| ८ | वित्तीय संस्थाको जागिरमा संलग्न जनसङ्ख्या | प्रतिशत | ०.१ | ०.२ | ०.३ | ०.४ | ०.५ | ०.६ |
| ९ | निजी क्षेत्रको जागिरमा संलग्न जनसङ्ख्या | प्रतिशत | २५.४ | २६ | २७ | २८ | २९ | ३० |
| १० | लघुउद्यम सञ्चालन गरेका घरपरिवार | घरपरिवार | ४५ | ५० | ६० | ७५ | १०० | १२५ |
| ११ | व्यापार/व्यवसाय सञ्चालन गरेका घरपरिवार | घरपरिवार | २८ | ३५ | ५० | ७५ | १०० | १२५ |
| १२ | रोजगारदाता जनसङ्ख्या | प्रतिशत | १.१ | १.३ | १.५ | १.७ | २ | २.५ |
| १३ | विदेशमा रहेको जनसङ्ख्या | जना | ७२८ | ८०० | १००० | १५०० | २००० | २५०० |
| १४ | विदेशमा रहेको जनसङ्ख्यामा रोजगारीमा संलग्न जनसङ्ख्या | प्रतिशत | ६२.३ | ६५ | ६८ | ७० | ७२ | ७५ |
| १५ | सीप सिकेर विदेश जाने जनसङ्ख्या (कूल विदेशमा रहेको जनसङ्ख्यामा) | प्रतिशत | ६ | १० | २० | ५० | ८० | १०० |
| १६ | निर्माण क्षेत्रमा आन्तरिक रोजगारी वृद्धि (थप) | जना | १० | २० | ४० | ६० | ८० | १०० |
| १७ | कृषि विकासको क्षेत्रमा आन्तरिक रोजगारी वृद्धि (थप) | जना | ४५ | ६० | ८० | १०० | १२० | १५० |

| क्र. सं. | नतिजा सूचक | एकाइ | आधार तथ्याङ्क | लक्ष्य (आ. व.) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १८ | पशुपालन क्षेत्रमा आन्तरिक रोजगारी वृद्धि (थप) | जना | १० | १५ | २० | २५ | ३० | ३५ |
| १९ | व्यापार/व्यवसायमा आन्तरिक रोजगारी वृद्धि (थप) | जना | ४० | ५० | ६० | ७० | ८० | ९० |
| २० | लघु उद्यम विकासमा आन्तरिक रोजगारी वृद्धि (थप) | जना | २८ | ३५ | ४५ | ५५ | ६५ | ७५ |
| २१ | पर्यटन तथा हस्पिटालिटी क्षेत्रमा आन्तरिक रोजगारी वृद्धि (थप) | जना | ५ | १० | १५ | २० | २५ | ३० |
| २२ | निर्माण क्षेत्रमा स्वरोजगार तथा सीप विकास तालिम प्राप्त व्यक्ति | जना | ० | २० | ४० | ६० | ८० | १०० |
| २३ | कृषि विकासको क्षेत्रमा स्वरोजगार तथा सीप विकास तालिम प्राप्त व्यक्ति | जना | ० | ३० | ६० | ९० | १२० | १५० |
| २४ | पशुपालन क्षेत्रमा स्वरोजगार तथा सीप विकास तालिम प्राप्त व्यक्ति | जना | ० | २० | ४० | ६० | ८० | १०० |
| २५ | व्यापार/व्यवसायमा स्वरोजगार तथा सीप विकास तालिम प्राप्त व्यक्ति | जना | ० | २० | ४० | ६० | ८० | १०० |
| २६ | लघु उद्यम विकासमा स्वरोजगार तथा सीप विकास तालिम प्राप्त व्यक्ति | जना | ० | २० | ४० | ६० | ८० | १०० |
| २७ | पर्यटन तथा हस्पिटालिटी क्षेत्रमा स्वरोजगार तथा सीप विकास तालिम प्राप्त व्यक्ति | जना | ० | २० | ४० | ६० | ८० | १०० |
| २८ | निर्माण क्षेत्रमा रोजगारी प्रवर्द्धन गर्न अनुदान/सहायता प्राप्त व्यक्ति | जना | ० | २ | ५ | १० | १५ | २० |
| २९ | कृषि विकासको क्षेत्रमा रोजगारी प्रवर्द्धन गर्न अनुदान/सहायता प्राप्त व्यक्ति | जना | ० | ५ | १५ | २५ | ३५ | ४५ |
| ३० | पशुपालन क्षेत्रमा रोजगारी प्रवर्द्धन गर्न अनुदान/सहायता प्राप्त व्यक्ति | जना | ० | २ | ५ | १० | १५ | २० |
| ३१ | व्यापार/व्यवसायमा रोजगारी प्रवर्द्धन गर्न अनुदान/सहायता प्राप्त व्यक्ति | जना | ० | २ | ५ | १० | १५ | २० |
| ३२ | लघु उद्यम विकासमा रोजगारी प्रवर्द्धन गर्न अनुदान/सहायता प्राप्त व्यक्ति | जना | ० | ५ | १५ | २५ | ३५ | ४५ |

| क्र. सं. | नतिजा सूचक | एकाइ | आधार तथ्याङ्क | लक्ष्य (आ. व.) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| ३३ | पर्यटन तथा हस्पिटालिटी क्षेत्रमा रोजगारी प्रवर्द्धन गर्न अनुदान/सहायता प्राप्त व्यक्ति | जना | ० | २ | ५ | १० | १५ | २० |
| ३४ | रोजगारदाताको सम्मान | पटक | ० | १ | २ | ३ | ४ | ५ |
| ३५ | वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई विदेशमा रहँदा अपनाउनु पर्ने सावधानी तथा सतर्कता सहित आधारभूत व्यवहारिक ज्ञानका लागि प्रशिक्षण प्राप्त व्यक्ति | जना | ० | २० | ५० | १५० | ३०० | ५०० |
| ३६ | वैदेशिक रोजगारी सम्बन्धी परामर्श र अभिमुखीकरण प्राप्त व्यक्ति | जना | ० | ५० | १०० | १५० | २०० | २५० |
| ३७ | रोजगार सूचना केन्द्र | सङ्ख्या | ० | १ | १ | १ | १ | १ |
| ३८ | पालिकाको रोजगार स्थिति पत्र निर्माण तथा अद्यावधिक | पटक | ० | १ | २ | ३ | ४ | ५ |